निर्णय नं १.

यस रत्ननगर नगरकार्यपालिकाको मिति २०७६/१२/२१ को निर्णयबाट प्रत्येक वडामा राहत वितरणका लागी खर्च हुन बाँकी वडास्तरिय बजेटबाट अधिकतम रु ३०००००।- (अक्षरुपी तीन लाख रुपैया मात्र) रकमान्तर गरी खर्च गर्ने निर्णय भएकोमा बडा बाट लागत संकलन गरी राहत विवरण गर्दा उक्त रकम नपुग भई देहाय बमोजिम हुने गरि माग भएको हुँदा वडाको बजेट बाट नै कट्टा हुने गरी माग बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | वडा नं | राहत वितरण गरिएको घरधुरी संख्या | खर्च रकम (रकमान्तर गर्नुपर्ने) सेनेटरी सामाग्री सहित |
|---|---|---|---|
| १. | वडा नं १ | ३३५ | ४,५०,०००।- |
| २. | वडा नं २ | २६५ | ३,६६,३७९।- |
| ३. | वडा नं ३ | २६० | ४,२२,०००।- |
| ४. | वडा नं ४ | ३०४ | ३,८९,०००।- |
| ५. | वडा नं ५ | ३१३ | २,१५,२८३।- |
| ६. | वडा नं ६ | २४३ | ३,६४,९८७।- |
| ७. | वडा नं ७ | ३४६ | ४,६२,६१३।- |
| ८. | वडा नं ८ | ३३६ | ४,६३,१४०।- |
| ९. | वडा नं ९ | ४८९ | ५,९९,८८०।- |
| १०. | वडा नं १० | ३२८ | ३,४४,३८२।- |
| ११. | वडा नं ११ | ४३१ | ५,८५,६८२।- |
| १२. | वडा नं १२ | ६०९ | ७,६९,७००।- |
| १३. | वडा नं १३ | ६३८ | ८,७८,१३६।- |
| १४. | वडा नं १४ | ३९६ | ४,८७,०००।- |
| १५. | वडा नं १५ | २४३ | ३,९१,८२५।- |
| १६. | वडा नं १६ | २१० | ३,१५,३३०।- |
| १७. | नगर मेडिकल सामान (स्वास्थ्य शाखा) | | ७,५०,०००।- |
| | जम्मा रकम | | ८२,५५,३३७।- |

निर्णय नं २

यस रत्ननगर नगरपालिकाद्वारा आईसोलेशन अस्पतालको रुपमा संचालन गर्दै आईरकेको गुञ्जमान सिं अस्पताल कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका अनुसूची-१ क्लिनिक संचालन गर्ने अस्पतालहरुमा समावेश हुन छुट भएको हुँदा उक्त अस्पताललाई अनुसूचि-१ बमोजिम समाबेश गरिदिन जनस्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, सामाजिक विकास मन्त्रालय, प्रदेश सरकार र जिल्ला जनस्वास्थ्य कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ३

संघिय अर्थ मन्त्रालयको २०७६/१२/२१ को निर्णय तथा महालेखा नियन्त्रणको कार्यालयको २०७६/१२/२१ को परिपत्र अनुसार रत्ननगर नगरपालिकाको आन्तरिक श्रोत तर्फको देहाय बमोजिमको शिर्षकमा विनियोजित भएको रकमलाई कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोष खातामा रकमान्तर गर्ने निर्णय गरियो ।

क. फनिर्चर तथा फिक्चर्स् : रु ३००००००।-
ख. सवारी साधन खरिद : रु १००००००।-
ग. मेसिनरी औजार : रु २००००००।-

**निर्णय नं ४**

यस रत्ननगर नगरपालिका कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोष खातामा देहाय बमोजिमको सहयोगी दातहरुबाट नगद तथा जिन्सी सामाग्री प्रदान गर्नुहुने दाताहरुलाई स-धन्यवाद दिने निर्णय गरियो ।

नगद सहयोग गर्ने संघ संस्थाहरु :

क. रत्ननगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था : रु ११११११।-
ख. श्री कृष्ण प्रणामी सेवा समिति, जिरौना : रु ५१०००।-
ग. श्री कृष्ण प्रणामी सेवा समिति, कृष्ण मन्दिर : रु ५१०००।-
घ. श्री हरिशरण पाठक, मेनुका ईन्जिनियरिङ : रु ५००००।-
ङ. श्री लुमन्ती आवासको लागि सहयोग समूह : रु १०००००।-
च. श्री कामना वचत तथा ऋण सहकारी संस्था लि. : रु ५००००।-

जिन्सी सहयोग गर्ने संघ संस्थाहरु :

क. नवदुर्गा आमा समूह : चामल : ३० बोरा(३० केजी), दाल : ३ बोरा(३० केजी), तेल : ३ कार्टुन, नुन : ५० केजी, साबुन : १५० पिस
ख. रत्ननगर उद्योग वाणिज्य संघ : चामल : १०० बोरा(२० केजी), दाल : ७ बोरा(३०केजी), तेल : ५० लिटर, नुन : १०० केजी, अण्डा : २१० क्रेट
ग. चितवन उद्योग संघ : चामल : १५० बोरा(१५ केजी), अण्डा : १४० क्रेट, सेनिटाईजर : २४ लिटर
घ. माननिय श्री सुरेन्द्र पाण्डे : (चामल, दाल, नुन, तेल, साबुन) - १५० प्याकेट
ङ. रिजाल फुड प्रोडक्सन : (चिउरा, दालमोट, नुन, तेल, दाल) - ४८ प्याकेट, आलु : ४४ केजी, चामल १० बोरा(२५ केजी)
च. ने.क.पा. रत्ननगर : चामल १२ बोरा (२५ केजी), दाल २ बोरा २५ केजी
छ. नेवा: मैजु पुच : चामल ६ बोरा (३० केजी), सोयाविन ५ केजी, तेल २० लि. चाउचाउ : १ कार्टुन, दाल : १० केजी, नुन : १० केजी, सेतो केराउ : १० केजी, साबुन : १५० पिस
ज. श्री कृष्ण प्रणामी सेवा समिति, कृष्ण मन्दिर : चामल २० बोरा

**निर्णय नं ५**

कोरोना रोकथाम र नियन्त्रणको लागि रत्ननगर नगरपालिका वडा नं २ को नवनिर्मित वडा कार्यालय भवनलाई क्वारेन्टाईन होमको रुपमा तयार गर्न देहायका सामाग्रीहरु खरिद गर्ने निणर्य गरियो ।

क. म्याट, तन्ना, सिरानी, झुल र झुल स्टेण्ड : १०/१० थान
ख. भान्साका सामानहरु
ग. सेनिटेसन/सेनेटरी सामाग्रीहरु स्वास्थ्य शाखाले उपलब्ध गराउने
घ. खाद्यान्न सामाग्री नगरपालिकाले उपलब्ध गराउने

ङ. क्वारेन्टाईन होममा खटिने कर्मचारीका लागि दैनिक रु १०००।- (अक्षरुपी एक हजार रुपैया मात्र) का दरले पारिश्रमिक उपलब्ध गराउने

**निर्णय नं ६**

यस रत्ननगर नगरपालिका क्षेत्र भित्र बाझो रुपमा रहेका खेतीयोग्य सार्वजनिक तथा प्लटिङ गरिएका जग्गा जमिनहरुलाई नगरपालिकाले उपयोग गरि खेती गर्ने निर्णय गरियो ।

**निणर्य नं ७**

बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा निम्नानुसारको समपुरक र विशेष अनुदानका योजनाहरु छनौट गरि पेश गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र. सं. | आयोजनाको नाम | आयोजना स्थल | प्रस्तावित अनुमानित लागत | | कुल लागत | समपुरक/ विशेष अनुदान |
|---|---|---|---|---|---|---|
| | | | प्रदेशमा माग गर्ने | नगरपालिकाले व्यहोर्ने | | |
| १. | फनपार्क पूर्वाधार निर्माण | वडा नं ८ | ९९,७७६३४।२० | ९९,७७६३४।२० | १,९९,५५,२६८।४० | समपुरक अनुदान |
| २. | भ्यू टावर निर्माण | वडा नं ८ | ९९,६९,४१२।९७ | ९९,६९,४१२।९७ | १,९९,३८,८२५।९४ | समपुरक अनुदान |
| ३. | विपन्न समुदायको लागि सामुहिक खेती प्रवर्द्धन कार्यक्रम | | ५०,००,०००।०० | - | ५०,००,०००।०० | विशेष अनुदान |

**निणर्य नं ८**

मिति २०७७ बैशाख ३ गते प्रदेश राजपत्रमा प्रकाशित स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन बमोजिम सम्पूर्ण सुविधाहरु २०७६/०३/१० गते नगर सभाबाट विनियोजित पदाधिकारी परिश्रमिक शिर्षकबाट मिति २०७६/०७/०१ गते बाट दोहोरो सुविधा नपर्ने गरि आर्थिक प्रशासन शाखालाई खर्च लेख्न दिने निर्णय गरियो ।